"समृदद गौरीशंकर गाउँपालिकाको लागि बातावरण सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका

# Gaurishankar Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

सुरी, दोलखा । Suri, Dolakha.

बागमती प्रदेश, नेपाल

Bagmati Province, Nepal

पत्र संख्या/Ref.No.:-०७७/७८

चलानी नं/Dispatch No:- २९८

मिति/ Date:- २०७७/०७/०२

गौरीशंकर गाउँपालिका कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**बिषय: नदिजन्य पदार्थ संकलन, उत्खनन र बिक्री कार्य निषेध गरिएको ब्योहोरा जानकारी गराउने सम्बन्धमा ।**

वडा नं २ र ३ कार्यालय
गौरीशंकर गा.पा.

उपर्युक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) मा **"ढुंगा गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरिढुंगा आदि प्राकृतिक एबं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्ने"** अधिकार गाउँपालिकामा रहेको ब्योहोरा स्पस्ट उल्लेख भएको देखिन्छ । त्यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद) बाट ढुंगा गिट्टी, बालुवा उत्खनन बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भई गाउँपालिकालाई ढुंगा गिट्टी, बालुवा एबं माटोजन्य बस्तुको बिक्री गर्ने अधिकार उपयोग गर्ने ब्यवहारिक प्रक्रिया निर्धारण समेत भइसकेको तथा प्रदेश सरकारबाट नदि जन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५ जारी भएकोमा हाल यस कार्यालयबाट सो सम्बन्धमा प्रारम्भिक वाताबरणीय परिक्षण प्रतिबेदन तयार भइसकेकोले निकट भबिस्यमा नै यस गाउँपालिकाबाट नदिजन्य पदार्थको संकलन, उत्खनन र बिक्री सम्बन्धमा आबश्यक कारबाही अगाडी बढाइने हुँदा हाल यस गाउँपालिकाको कार्य क्षेत्रभित्र नदिजन्य पदार्थको संकलन, उत्खनन र बिक्री गर्ने कार्य निषेध गरिएको र यदि अवैधानिक रुपमा यस्ता कार्यहरु भइरहेको भएमा कानूनी कारबाही समेत गरिने भएकोले यस पत्र सार्बजनिक जानकारीका लागि वडा कार्यालय लगायत सार्बजनिक स्थलमा टास गरी सोको जानकारी समेत दिनुहुन निर्देशानुसार अनुरोध छ ।

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत